CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७०

२९।६।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## स्वास्थ्य संरचना निर्माण सम्बन्धी सरकारले सार्वजनिक गरेको खर्चको विवरण

७ प्रदेशका १४ अस्पतालबाट गरिब तथा विपन्न वर्गलाई आकस्मिक सेवा नि:शुल्क उपलब्ध गराउन
**रु. १४ करोड**

चालु आर्थिक वर्षमा ३८६ स्थानीय तहमा आधारभुत अस्पताल निर्माणको लागि
**रु. ६ अर्ब ४ करोड**

कोशी, नारायणी, भरतपुर, भेरी, डडेलधुरा असपताल, पोखरा र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५०० शैया बनाउन रु. ७ करोडका दरले
**रु. ४९ करोड**

१० अस्पतालमा ट्रमा युनिट बनाउने गरी हरेक युनिटको लागि रु. ५० लाखका दरले
**रु. ५ करोड**

साविकका ५२ वटा जिल्लाका जिल्ला अस्पतालहरुलाई ५० शैया बनाउन प्रति शैया रु. १ लाखका दरले ८६६ बेड थप्ने गरी
**रु. ८ करोड ६६ लाख**

प्रयोगशाला परीक्षण सहितका न्युनतम ५० शैयाका प्रदेश स्तरिय अत्याधुनिक अस्पताल स्थापना गर्न प्रत्येक प्रदेशमा रु. ८ करोडका दरले
**रु. ५६ करोड**

कोशी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान लाई ९ करोडका दरले आकस्मिक कक्ष निर्माणका लागि
**रु. ३६ करोड**

साविकका अञ्चल र उपक्षेत्रिय अस्पताललाई २०० शैया बनाउन ११ अस्पतालमा १ हजार ३५ बेड थप गर्न
**रु. १० करोड ३५ लाख**

१३ नाकामा हेल्थ डेस्क स्थापना गर्न
**रु. १० करोड १५ लाख ६० हजार**

१८ अस्पतालमा स्याटालाईट अस्पताल सञ्चालन गर्न
**रु. ५४ लाख**

स्रोत: https://www.facebook.com/mohpnep/videos/976488249521675

## नेपाल अपडेट




दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै सञ्चालनमा आएको सुर्खेतमा सुपथ मूल्य पसलमा सामग्री खरिद गर्दै ग्राहक

तस्विर: आकाशतारा वयक

### परिक्षण

पिसिआर परिक्षण: १२,३७,६३६
पोजेटिभ: १,२१,७४५
उपचाररत: ३६,५३३
मृत्यु : ६९४
सन्चो भएका : ८४,५१८




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



कोभिड - १९ को परीक्षण शुल्क अब देखी १ हजार रुपैयाँ मात्र पर्छ भन्छन् नी ?

यो शुल्क पिसिआर परीक्षणको लागि नभएर, एन्टीजेन परीक्षणको लागि तोकिएको हो । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको अनुमती प्राप्त गरेका प्रयोशालाले मात्र एन्टीजेन परीक्षण गर्न पाउनेछन् । यसको परीक्षण शुल्क अधिकतम १ हजार रुपैयाँ तोकिएको छ । तर, उक्त एन्टीजेन परिक्षणको लागि लक्षित समुह तोकिएको छ । उक्त लक्षित समुहमा मास स्क्रिनिङ, तुरुन्त रिपोर्ट चाहिने अवस्था (जस्तै: अस्पताल), समुहगत आवासमा बस्ने व्यक्तिहरु (जस्तै: व्यारेक, जेल, छात्रावास, बृद्धाश्रम आदी) पर्दछन् ।

स्रोत: https://drive.google.com/file/d/1To0nfDp5SKA1sTW0AfAcgzJHLmhl7yA1/view



दशैमा घर जाने यात्रुका लागि सरकारले अनलाईन टिकट खरिद सेवा सुरु गरेको हो ?

मध्यम तथा लामो दुरीमा सञ्चालित बस सेवालाई व्यवस्थित तथा कोभिड - १९ को संक्रमणको जोखिम न्युनिकरण गर्ने उद्देश्यले यातायात व्यवस्था विभागले यात्रीवाहक सार्वजनिक यातायात सेवाको अनलाईन टिकट खरिद-विक्रिसम्बन्धी निर्देशिका जारी गरेको हो । तर, अनलाईन टिकट खरिद-विक्रि सेवा सुरुनै भईसकेको छैन ।

स्रोत: https://cutt.ly/bgsNKOV



लोकसेवा आयोगको परीक्षामा कोभिड - १९ बाट संक्रमित परीक्षार्थी सहभागी हुन नपाउने रे । के त्यसको लागि पिसिआर परीक्षण रिपोर्ट नै पेश गर्नुपर्ने हो ?

लोकसेवा आयोगले सार्वजनिक गरेको संक्रमणको विशेष अवस्थामा परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार परीक्षामा सहभागी हुने परीक्षार्थीले आफू कोभिड - १९ को संक्रमणबाट संक्रमित भए/नभएको स्वयम्ले घोषणा गर्नु पर्नेछ । संक्रमित परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न नहुने भनिएको छ । यसको मतलव परीक्षामा सहभागी हुने परीक्षार्थीले पिसिआर रिर्पोट नै पेश गर्नुपर्ने भनिएको हैन ।

स्रोत: https://cutt.ly/4go3vbp



यो दशैंमा नयाँ नोट सटही नगरिने भन्ने कुरा साँचो हो ?

यो वर्षको दशैंमा नयाँ नोट वितरण नहुने भएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सूचना निकालेर कोरोना भाइरसको महामारीका कारण यो वर्षका चाडबाडमा नयाँ नोट वितरण नहुने जनाएको हो । नयाँ नोट सटहीका क्रममा भिडभाड हुन सक्ने र कोरोना सक्रमणको जोखिम रहेकाले नोट वितरण नगर्ने निर्णय भएको राष्ट्र बैंकले जनाएको छ ।

स्रोत: https://www.nrb.org.np/

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

**साउदी अरब**
३,३४,४५१ नेपाली
३,४०,५९० संक्रमित
४,१०७ नेपाली संक्रमित
५२ मृत्यु भएका नेपाली

**कुवेत**
७१,१९३ नेपाली
१,१३,२६९ संक्रमित
१,७३५ नेपाली संक्रमित
७ मृत्यु भएक नेपाली

**बहराईन**
२६,००० नेपाली
७६,६२१ संक्रमित
४५१ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली


**कतार**
४,०६,९१७ नेपाली
१,२८,६०३ संक्रमित
२४,३०४ नेपाली संक्रमित
१८ मृत्यु भएका नेपाली

**युएई**
२,२४,९०५ नेपाली
१,१०,०३९ संक्रमित
२,४०० नेपाली संक्रमित
३७ मृत्यु भएका नेपाली

**ओमान**
१७,०५७ नेपाली
१,०८,२९६ संक्रमित
४५ नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

**मलेसिया**
५००,००० नेपाली
१७,५४० संक्रमित
८१ नेपाली संक्रमित

**दक्षिण कोरिया**
३८,८६२ नेपाली
२४,९८८ संक्रमित
२ नेपाली संक्रमित



गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## मध्यपूर्वमा सामाजिक सञ्जाल प्रयोग सम्बन्धी कडा नियम

मध्यपूर्वका प्रायजसो देशहरूमा साईबर सेक्यूरिटी सम्बन्धी धेरै नै कडा कानून छन् । यूएईमा सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर, यूट्यूब, टिकटक, ईन्टाग्राम आदी) सम्बन्धी नियमहरु यस्ता छन्:



१. यदी कसैले सामाजिक सञ्जालको माध्यमबाट अरुलाई अपमान गरेको खण्डमा ५ लाख दिरहाम (अर्थात १ करोड ६० लाख) सम्म जरिवाना लाग्न सक्छ । त्यसैले सामाजिक सञ्जालमा त्यस्ता केही सामाग्री सेयर र पोष्ट नगरौं । कसैले तपाईको विरुद्धमा लेखेको छ भने, उजुरी गर्न सक्नुहुन्छ ।

२. त्यस्तै, कसैको अनुमती बिना फोटो सामाजिक सञ्जालमा पोष्ट गऱ्यो र त्यसको बिरुद्धमा उजुरी पऱ्यो भने, जरिवाना लाग्ने भएकाले कसैको अनुमती बिना फोटो खिच्नु हुँदैन ।

*यस्तो कानून यूएईमा मात्र नभएर मध्यपूर्वका प्राय देशहरुमा छ । तसर्थ सबैलाई सचेत हुन अनुरोध छ ।*

**www.facebook.com/shramik.sanjal** बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

अन्य
रु. १,२४,७३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

## अञ्जु कुमारी चौधरी



कार्यबाहक अध्यक्ष, प्रतापपुर गाउँपालिका, नवलपरासी

"गत स्थानीय चुनावमा म उपाध्यक्षमा निर्वाचित भएकी थिएँ । गत जेठ ३२ गते भएको सवारी दुर्घटनामा अध्यक्ष राजकुमार शर्मा को निधन भएपछि अहिले कार्यबाहक अध्यक्ष भएर काम गरिरहेकी छु । अध्यक्षको निधन हुँदा म वडा नम्बर १ सिसनियामा रहेको क्वारेन्टाईनमा थिए । अहिले अध्यक्षको अनुपस्थितीमा काम गर्न कठिन भएपनि निरन्तर खटिरहेकी छु । दुई जनाले मिलेर पुरा गर्नुपर्ने जिम्मेवारी एक्लै पुरा गर्नुपर्दा असहज हुनु स्वभाविक नै हो । पालिका भित्र रहेका जनतालाई कोरोना महामारीबाट जोगाउन कृयाशिल छु । जनताले मलाई सेवा गर्न पठाएका हुन, डराएर हुदैन भन्ने सोच बोकेका कारण डर लागेको छैन ।"

## शान्ता ज्ञवाली

उपाध्यक्ष, सुद्धोधन गाउँपालिका, रुपन्देही



"पहिला पहिला निक्कै डर लाग्यो । तर अहिले डर हटेको छ । सञ्चो भएका व्यक्तिहरुलाई हेर्दा कोरोना लागेपनि सञ्चो हुन्छ भन्ने विश्वास बढेको छ । तर, खानपानमा सुधार गरेकी छु । चिसो चिज खादैन र परिवारका अन्य सदस्यहरुलाई पनि नखान भन्ने गरेकी छु । अहिले पालिका भित्र बिद्यालयहरुमा रहेका सबै क्वारेन्टाईनहरुलाई खाली गरेर होम क्वारेन्टाईनको व्यवस्थापन गरेका छौं । क्वारेन्टाईनमा रहेका र संक्रमित भएर होम आइसोलेशनमा बसेकाहरुलाई स्वास्थ्य सामाग्री लिएर भेट्न गईरहेकी छु । उहाँहरुलाई आत्मविश्वास बढाउन मनोपरामर्श पनि दिने गरेका छौं ।"

## लक्ष्मी गुप्ता




उप-प्रमुख, कपिलबस्तु नगरपालिका, कपिलबस्तु

"बोर्डरसँग जोडिएको पालिका भएकाले भारतबाट लुकिछिपी आएर घरमा बस्नेहरु धेरै छन् । उनिहरुका कारण सिङ्गो नगरपालिका नै जोखिममा छ । चेकजाँच गराउँदैन, बरु लुकेर बस्छन । मास्क लगाउन, भौतिक दुरी कायम गरेर बस्न, भिडभाड नगर्न नगरपालिकाले पटक पटक आग्रह गर्ने गरेको छ । क्वारेन्टाईन र आइसोलेशनमा रहेकाहरुलाई स्वास्थ्य सामग्री तथा रोग प्रतिरोधात्मक क्षमता बढाउने खानेकुरा लिएर भेट्न जाने र मनोपरामर्श दिने गरेकी छु । जनप्रतिनिधि भएकाले जनतासँग भेट्दिन भन्न मिल्दैन । ६ जनाको परिवार छ । मेरो कारणले परिवार संक्रमित नहोस भन्नेमा सचेत छु ।"

सही सूचना

# साच्चै भन्ने हो भने, नेपालमा परीक्षणको दायरा अझै बढेको छैन




अन्तिम दुई साताको आँकडा हेर्ने हो भने, कोभिड - १९ को संक्रमण पुष्टि हुने दर ४८ प्रतिशतले बढेको छ । माथिको ग्राफमा अन्तिम दुई साताको अवधीमा दैनिक पिसिआर परीक्षण गरेको संख्यालाई देखाईएको छ । केही दिनलाई छोड्ने हो भने, दैनिक परीक्षणको संख्या स्थीर जस्तै छ । सरकारले बारम्बार परीक्षणको दायरा बढाउने भनिरहे पनि, तथ्यांकले त्यो पुष्टि गर्दैन । यदि परिक्षणको दायरा बढेको थियो भने, त्यही अनुसार संक्रमण पुष्टि हुनेको संख्या पनि अहिले देखिएको भन्दा बढी देखिने थियो । त्यसैले, परीक्षणको दायरामा सुधार ल्याउन सरकारले यसको विस्तार गर्न जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs